जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक १९१ • २०८२ बैशाख १९ गते शुक्रवार • 2 May. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## १० वर्षदेखि दैनिक १२ घण्टा भट्टीमा कवाडी गलाउने काम गर्छन यादव

जलेश्वरटुडे समाचारदाता
बारा, १८ बैशाख



कलैया उपमहानगरपालिका -१५, खमुवाका भरोस प्रसाद यादव अशोक स्टिल प्रा.लि.मा मजदुरी गर्दछन् । यादवले १० वर्षदेखि दैनिक १२ घण्टा भट्टीमा कवाडी गलाउने काम गर्दै आएका छन् । 'भट्टीमा धेरै खतरावाला काम छ, लगातार १२ घण्टा काम गर्नुपर्छ, शनिवार पनि छुट्टी हुँदैन, धेरै गाह्रो छ,' यादवले भने, 'काम गर्दा सुरक्षाका लागि जुत्ता, पन्जा, टोपी केही हुँदैन । कति बेला आगोमा परेर खरानी भइन्छ, थाहा हुँदैन ।' असुरक्षित ढंगले आगोको भट्टीमा काम गर्दा ज्यानको जोखिम त छँदैछ, सुविधा पनि केही नभएको उनको गुनासो छ ।

फलामजन्य उद्योगहरूले १ हजार ६ सय डिग्री तापक्रममा कवाडीलाई गलाएर डण्डी उत्पादन गर्दछन् । भट्टीमा एक पटकमा १५ देखि २० टनसम्म कवाडी गलाउने काम हुन्छ, जसमा कहिलेकाहीँ रसायनहरूको मात्रा नमिल्दा भट्टी पड्कने जोखिम हुन्छ । यादव भट्टीमा काम गर्दा जुनसुकै बेला ज्यान जान सक्ने बताउँछन् । दैनिक १२ घण्टा भट्टीमा काम गरेर उनले मासिक २२ हजार पारिश्रमिक पाउँछन् । 'उद्योगले हामीलाई सामाजिक सुरक्षा कोषको सुविधा दिएको छैन, यसमा के सुविधा पाइन्छ भन्ने पनि थाहा छैन,' उनले भने । यादवजस्तै जीतपुरका राजन पटेल पनि १२ घण्टा अशोक स्टिलमा विद्युत् मर्मतको काम गर्दछन् । '१२ घण्टा ड्युटी हुन्छ । शनिवार पनि छुट्टी हुँदैन । तलबबाहेक केही सुविधा छैन,' पटेलले भने, 'सामाजिक सुरक्षा कोषको सुविधा पनि पाएको छैन ।'

कलैया वडा नं १७ का श्याम कुमार पनि चर्को घाम र गर्मीमा लगातार १२ घण्टा आगोमा काम गर्दा धेरै दुःख भएको गुनासो गर्दछन् । 'मजदुरहरूलाई कुनै सुविधा छैन । बिरामी भएर २ दिन काममा आएन भने तलब काट्छ,' उनले भने, 'भट्टीमा काम गर्न धेरै गाह्रो छ ।' पथलैया-वीरगञ्ज औद्योगिक करिडोरका फलामजन्य उद्योगमा कार्यरत अधिकांश मजदुरको समस्या यादव, पटेल र श्यामकुमारको जस्तै छ । जगदम्बा स्टिल, अशोक स्टिल, नारायणी स्पात, जगशक्ति ईन्टरप्राईजेज लगायत उद्योगहरूले आफ्नो उद्योगमा ४ देखि ५ वटा कवाडी गलाउने भट्टी चलाएका छन् । यी भट्टी २४ सै घण्टा सञ्चालन हुन्छन् । प्रतिभट्टी ७० देखि ८० जना भारतीय मजदुर कार्यरत छन् । साःख स्टिल प्रालिका व्यवस्थापक राजु तिमिल्सिनाले भट्टी पड्कदा एकैपटक २० औं जना मजदुरको ज्यान जाने र घाइते हुने जोखिम रहने बताउँछन् । 'भट्टीमा काम गर्ने ९९ प्रतिशत भारतीय हुन्छन् । भट्टी विस्फोट भयो भने उपचारको नाममा घाइतेहरूलाई हतारहतार एम्बुलेन्समा बोर्डर कटाउने र केसलाई त्यतै सल्टाउने काम हुन्छ,' तिमिल्सिनाले भने । गत वर्ष सर्वोत्तम स्टिल प्रा.लि.मा भट्टी पड्कदा केही भारतीय मजदुरको ज्यान गएको थियो तर, कतिले ज्यान गुमाए र कति घाइते थिए भन्ने तथ्याङ्क उद्योग प्रशासनले गोप्य राखेको छ । जगदम्बा स्टिल अखिल नेपाल ट्रेड युनियन मजदुर संघका सचिव दिपक कार्की अन्य उद्योगको तुलनामा फलामजन्य उद्योगमा काम गर्ने मजदुरको ज्यान ९९ प्रतिशत बढी जोखिममा रहेको बताउँछन् । 'फलामजन्य उद्योगमा काम गर्ने मजदुरहरूको काम धेरै गाह्रो छ, आगोमा कवाडी गलाउने, फलाम उचाल्ने, राख्ने काम गर्दा जुनसुकै बेला पनि ज्यान जानसक्छ,' काकीले भने, 'जगदम्बा स्टिलमा विगतमा भट्टी पड्किएर धेरै मजदुरले ज्यान गुमाए पनि अहिले केही सुधार भएको छ ।'

जगदम्बा स्टिलमा १ हजार ५ सय बढी मजदुर कार्यरत छन्, जसमध्ये अधिकांश भारतीय हुन् । करार, दैनिक ज्यालादारी र ठेकदार कम्पनी मार्फत कार्यरत मजदुरहरूले मासिक पारिश्रमिक बाहेक कुनै सुविधा पाउँदैनन् । अशोक स्टिल प्रा.लिका व्यवस्थापक विनय झाले ठेकदार कम्पनीले आफूमार्फत काममा खटाएका मजदुरहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध नगराएको बताए । अशोक स्टिल प्रा.लिमा करिब ३ सय मजदुर कार्यरत छन् ।

## ९२ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १८ बैशाख



जिल्ला नापी कार्यालय जलेश्वरले बर्दिबास नगरपालिका-२ र ५ का ९२ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरेको छ । यहाँ एक कार्यक्रम आयोजना गरी नगरप्रमुख प्रह्लादकुमार क्षेत्री, नापी कार्यालयका प्रमुख रामविनय सिंह र सम्बन्धित वडाका वडाध्यक्ष श्यामराजा सिंह र काहारमान स्याङ्वाले संयुक्त रूपमा लालपुर्जा वितरण गरेका हुन् । बर्दिबास-५ का ६८ र बर्दिबास(२ का २४ परिवारलाई लालपुर्जा वितरण गरिएको हो ।

बर्दिबास-२ बँदेलखाडीकी ८० वर्षीया भीममाया आले दङ्ग रहेकी छन् । आफ्नै घर भएको जग्गाको जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) पाउँदा खुसी लागेको उनले बताइन् । 'यही जग्गाको कागज पाऊ भनेर दौडादौड गर्दागर्दै श्रीमान्को निधन भयो । आज मैले पाएँ', आलेले भनिन्, 'अबचाहिँ घर आफ्नै जग्गामा भएको निस्सा भयो ।' श्रीमान कबिरमान आलेले ६० वर्षअघि बनाएको घरको जग्गा लालपुर्जा पाउँदा उनको सङ्घर्षको प्रतिफल पाएको अनुभूति भइरहेको उनको भनाइ छ ।


बर्दिबास-५ ढुङ्गेकी ७० वर्षीया बुद्धिमाया आले पनि घरबासको जग्गाको लालपुर्जा पाउँदा खुसी रहेकी छन् । स्वर्गीय श्रीमान् खड्कबहादुर आलेको मेहनत अहिले ५० वर्षपछि साकार भएको बुद्धिमायाले बताइन् । जग्गाधनी प्रमाणपुर्जा पाउने ९२ जनामध्ये ८० भन्दामाथि मगर समुदायका छन् । घरजग्गाको लालपुर्जा पाएसँगै आफूपनि जग्गाधनी भएको बर्दिबास-५ का ७५ वर्षीय बुद्धबहादुर थापा मगरले बताए । हातखुट्टा पक्षघातले सुकाएर हिड्डुलमा समस्या भोग्दै आएका उनले लालपुर्जा पाउँदा सबै शारीरिक कष्ट बिर्सेको प्रतिक्रिया दिए । आफू शारीरिक रूपमा अशक्त भए पनि घरजग्गाको लालपुर्जा पाउँदा खुसीले नाच्न मन लागेको उनको भनाइ छ । आफ्नो भनेर निस्सा देखाउने जग्गा कतै नभएका बेला थोरै भए पनि स्वामित्व दिँदा हर्षित भएको मगरले बताए । जिल्ला नापी कार्यालयले बर्दिबास-२ र ५ का ९२ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको नगरप्रमुख क्षत्रीले उल्लेख गरे । पाँच दशक पहिलेदेखि भोगचलन गर्दै आएका घरबासीको जग्गा नापजाँच गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको नापी कार्यालयले जनाएको छ । 'हामीले सम्बन्धित वडाध्यक्षको रोहबरमा जग्गा नापजाँच गरी प्रमाणपुर्जा बनाएका हौं', नापी कार्यालय प्रमुख सिंहले भने, 'जिल्लाभरि गाउँका घरबासी जग्गाका जग्गाधनी प्रमाणपुर्जा क्रमशः वितरण गर्दै आइएका छौं, यो क्रम जारी रहन्छ ।' उनका अनुसार ती वितरण भएका जग्गाधनी प्रमाणपुर्जा सबै घरबास जग्गा हुन् ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



सम्पादकीय..................

## श्रमिकलाई सम्मान गरौँ

*अन्तर्राष्ट्रिय मजदुर दिवस, जसलाई मे दिवस वा श्रमिक दिवस पनि भनिन्छ, हरेक वर्ष मे १ का दिन विश्वभर उत्सवका साथ मनाइन्छ। यो दिन श्रमिकहरूको मेहनत, योगदान र अधिकारको सम्मान गर्ने अवसर हो । नेपालमा यो दिन विक्रम संवत् २०४६ (सन् १९९०) देखि सरकारी बिदाको रूपमा मनाइन्छ। ट्रेड युनियनले नेपालमा श्रमिक अधिकारको वकालतमा महत्वपूर्ण भूमिका खेल्छन् र दिगो विकास लक्ष्य तथा जलवायु नीति कार्यान्वयनमा ठुलो योगदान दिन सक्छन् । यद्यपि प्रमुख नीति निर्माण प्रक्रियाहरू विशेष गरी जलवायु नीतिहरूमा उनीहरूको सहभागिता नहुँदा प्रभाव सीमित भएको छ । अन्तर्राष्ट्रिय श्रमिक दिवसको इतिहास १९ औँ शताब्दीको श्रमिक आन्दोलनसँग गाँसिएको छ ।*

*औद्योगिक क्रान्तिपछि विश्वभर मजदुरहरूको काम गर्ने अवस्था अत्यन्तै कष्टकर थियो । कामदारहरू दिनमा १२ देखि १६ घण्टा काम गर्न बाध्य थिए, न्यूनतम ज्याला पाउँथे, कार्यस्थलहरू असुरक्षित थिए र श्रमिकहरूलाई आधारभूत अधिकारबाट वञ्चित गरिएको थियो । यी सबै समस्याविरुद्ध आवाज उठाउन श्रमिक आन्दोलन तीव्र बने। यसै सन्दर्भमा सन् १८८६ मे १ मा अमेरिकाको शिकागो सहरमा श्रमिकहरूले आठ घण्टे कार्यदिवसको माग गर्दै विशाल हडताल गरे ।*

*आन्दोलनका क्रममा हेमार्केट स्क्वायरमा एक शान्तिपूर्ण सभामा अज्ञात व्यक्तिले बम प्रहार गरेपछि प्रहरी र प्रदर्शनकारीबिच भीषण झडप भयो । सो घटनामा धेरै प्रहरी र सर्वसाधारणको मृत्यु भयो र धेरै प्रदर्शनकारी पक्राउ परे । यद्यपि यो घटनाले श्रमिक अधिकारका लागि विश्वव्यापी आन्दोलनलाई नयाँ उचाइमा पुऱ्यायो । अन्तर्राष्ट्रिय मजदुर दिवसले नेपालमा श्रमिकहरूको एकता, मेहनत, र योगदानको सम्मान गर्छ । यस दिवसमा अवसरमा श्रमिकहरूको सम्मानमा हामी सबै एकजुट होऊँ र अधिकार तथा योगदानको उत्सव मनाऔँ ।*

# एकडारामा बालमैत्री स्थानीय शासन घोषणा प्रतिवद्धता समारोह



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ बैशाख**

महोत्तरी जिल्लाको एकडारा गाउँपालिका वडा न २ को आयोजनामा World Vision International Nepal र दलित समाज उत्थान समिति नेपाल (DSWCN) को साझेदारीमा पालिकामा संचालित संरक्षण समुदाय संलग्नता तथा स्पोन्सरशिप कार्यक्रम अन्तर्गत विभिन्न अभियनका साथ बालमैत्री स्थानीय शासन घोषणा प्रतिवद्धता समारोह कार्यक्रम भब्यताका साथ सम्पन्न भएकोछ । संस्थाका अभियानहरु बाल विवाह मुक्त वडा, शत प्रतिशत जन्मदर्ता, शतप्रतिशत विद्यालय भर्ना, लागूपदार्थ दुर्वश्यनी अन्त्य, बाल कुपोषण अन्त्य, पोषणमैत्री शासन, पुर्णखोप, बालश्रम अन्त्य, बालमैत्री ब्यवहार र सम्मान लगायतका अभियानहरु रहेकोछ।

कार्यकमको सभा अध्यक्ष दलित समाज उत्थान समिति नेपाल (DSWCN) को अध्यक्ष डेजि पाण्डे, प्रमुख अतिथि मधेश प्रदेश सरकार खेलकुद तथा समाज कल्याण मन्त्रि प्रमोद जयसवाल, विशेष अतिथि एकडारा गाउँपालिका अध्यक्ष दिप नारायण मण्डल, बिशिस्ट अतिथि WVI Nepal sf EFOsf Field Policy and Communication Lead प्रमिल अधिकारी,विशेष अतिथि (DSWCN) को संस्थापक अध्यक्ष तथा व्यवस्थापन समितिको संयोजक सुनिल ठाकुर, बाल मैत्रि अभियन्ता तिलोतम पौडेल अतिथि WVI Nepal का जिल्ला Coordinator दिलिप यादव एकडारा गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत योगेश कुमार यादव,पुर्व गाउँपालिका अध्यक्षहरु, IRDS को Program Manager कुमार भण्डारी पालिका अन्तरगतका प्रत्येक शखा प्रमुखहरु कर्मचारीहरु तथा सम्पुर्ण वाडाध्यक्षहरु, (DSWCN) को सचिव अजय पासवान, सुरक्षाकर्मिहरु, संचारकर्मि लगाएत सम्पुर्ण वडा सदस्यहरु, बालअधिकार समितिको पदाधिकारीहरु, कर्मचारीहरु, बुद्धिजिवि समाजसेविहरु सहित हजारौंको संख्यामा उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि,विशेष अतिथि, अतिथि गणहरुलाई खादा मालाले स्वागत सम्मान गरि गमलामा पानि हालेर उदघाटन गरि उदघाटन गरिएको थियो। कार्यक्रमको उदेश्य माथि वडा न २ को वडा अध्यक्ष सखि चन्द्र यादवले प्रष्ट गरेकाथिए। कार्याक्रममा (DSWCN) को अध्यक्ष डेजि पाण्डेले हाम्रा प्रतिवद्धताहरु बाल विवाह मुक्त वडा, शत प्रतिशत जन्मदर्ता, शत्प्रतिशत विद्यालय भर्ना, लागूपदार्थ दुर्वश्यनी अन्त्य, बाल कुपोषण अन्त्य, पोषणमैत्री शासन, पुर्णखोप, बालश्रम अन्त्य, बालमैत्री ब्यवहार र सम्मान हो भन्दै जानकारी गराइन। संयोजक उतिम चन्द्र चौधरीले कार्यक्रमकोबारे जानकारी दिनुभएको थियो।

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**हरिवन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सर्लाही, मधेश प्रदेश नेपाल**

## चुनौती नियन्त्रण गर्नुपर्छ



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले श्रम रोजगारीका सबै अवसर आम नागरिकसम्म पुग्नुपर्ने बताएका छन्। एक सय ३६ औँ अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा आयोजित शुभकामना तथा 'श्रमसंसार पोर्टल'को शुभारम्भ कार्यक्रममा प्रधानमन्त्री ओलीले वैदेशिक रोजगारीमा देखा परेका चुनौती नियन्त्रण गर्नुपर्ने बताए ।

"श्रम बजारको विकास गर्न तालिम होस् वा उद्यमशीलता विकास वा सहुलियतपूर्ण कर्जा, सरकारले उपलब्ध गराउने सबै श्रम तथा रोजगारीका सेवालाई जनताका घरदैलोमा पुऱ्याउन श्रम, रोजगार तथा सामाजिक सुरक्षाका सम्पूर्ण सेवालाई सबै नेपालीको पहुँचमा पार्न श्रमसंसार पोर्टललाई निकट भविष्यमा नागरिक एपमा आबद्ध गर्नुपर्छ", प्रधानमन्त्री ओलीले भने ।

### तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: मनमा पछुतो आउने
मिथून: अनावश्यक चिन्ता
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: मित्रतामा फाटो आउने
कन्या: पिछडेको साथी मिल्ने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: आम्दानी हुने


### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |



### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर



### पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# रुसले उत्तर कोरियालाई नयाँ युद्धपोत निर्माणमा सहयोग गरेको हुनसक्छ : सियोल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ बैशाख**



उत्तर कोरियाको हालै अनावरण गरिएको युद्धपोतमा रुसी सहयोग समावेश हुनसक्ने दक्षिण कोरियाली सेनाले बिहीबार बताएको छ । तर सेनाले 'अझ विस्तृत विश्लेषण' गरिरहेको भन्दै सावधानी अपनाएको छ। प्योङयाङले हालै चो ह्योन नामक पाँच हजार टनको विध्वंसक-श्रेणीको जहाजको अनावरण गरेको छ। केही विश्लेषकले यो छोटो दूरीको सामरिक आणविक मिसाइलले सुसज्जित हुन सक्ने बताएका छन्।

ज्वाइन्ट चिफ अफ स्टाफ (जेसिएस) का प्रवक्ता ली सुङ-जुनले दक्षिण कोरियामा पत्रकारहरूलाई रुसले युद्धपोतमा सहयोग गरेको हुनसक्ने बताए । 'खुलासा भएका हतियार र उपकरणहरू हेर्दा उनीहरूले रुसबाट प्रविधि, कोष वा सहयोग प्राप्त गरेको सम्भावना छ भन्ने हामी विश्वास गर्छौं, लीले भने, 'हामी अझ विस्तृत विश्लेषण गरिरहेका छौं।' उत्तर कोरियाले सोमबार पहिलो पटक युक्रेनमा मस्कोलाई युद्धमा समर्थन गर्न रुसमा सैनिकहरू तैनाथ गरेको पुष्टि गरेको थियो। दुवै देशले यस हप्ता उनीहरूले दुई छिमेकीलाई जोड्ने पहिलो सडक पुल निर्माण गर्न थालेको घोषणा गरेका छन्।

प्योङयाङको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार उत्तर कोरियाली नेता किम जोङ उनले यस हप्ता जहाजको दुई-दिने हतियार परीक्षणको पहिलो दिनको निरीक्षण गरे।

# पाकिस्तानी डिजाइनरसँग डिनर गरेपछि भारतमा करिनाको आलोचना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ बैशाख**



२२ अप्रिलमा पहलगाममा आतङ्कवादी हमला भएयता भारत र पाकिस्तानको सम्बन्ध चिसिएको छ । एक नेपाली समेत २६ जनाको मृत्यु भएको यस घटनाको जिम्मेवारी पाकिस्तानको आतङ्कवादी सङ्गठन लश्कर-ए-तैयबाले जिम्मेवारी लिएपछि भारतीयहरूमा पाकिस्तानप्रति आक्रोश चुलिएको छ। फिल्म उद्योगका व्यक्तिहरूले पनि पाकिस्तानको विरोध गर्दै बयान दिइरहेका छन्।

यसैबिच, करिना कपूर खानको एउटा तस्बिर भाइरल भएको छ। यसमा उनी एक पाकिस्तानी डिजाइनरसँग डिनर गरिरहेको देखिन्छिन्। तस्बिर बाहिरिने बित्तिकै मानिसहरू करिनामाथि खनिएका छन् । कतिपय निटिजन्सले त उनलाई देशद्रोही नै भनिरहेका छन्। हालै फिल्म फेडरेशनले कुनै पनि पाकिस्तानी कलाकारसँग काम गर्ने जो कोही विरुद्ध देश द्रोहको मुद्दा दायर गर्ने घोषणा गरेको थियो।

तस्बिरमा करिना कपूरको काँधमा हात राख्ने व्यक्ति पाकिस्तानी डिजाइनर फराज मन्नान हुन् । पहलगाम हमलापछि करिना कपूर २७ अप्रिलमा दुबई गएकी थिइन्। उनी दुबईमा भएको एक कार्यक्रमको हिस्सा थिइन्, जसमा फराजले पनि सहभागी भएका थिए। फराज आफैंले यो भेटघाटका तस्बिरहरू सामाजिक सञ्जालमा पोस्ट गरेका थिए, जुन अहिले भाइरल भइरहेको छ । 'एकातिर भारत पाकिस्तानसँग युद्ध लडिरहेको छ भने अर्कोतिर करिना कपूर दुबईमा एक पाकिस्तानी डिजाइनरसँग फोटोसुट गर्न व्यस्त छिन् । उनले पहिले पनि उनीसँग काम गरिसकेकी छिन् । गत वर्ष, करिनाले प्यालेस्टाइनलाई समर्थन गरेकी थिइन्, तर अब उनी आफ्नो देशको लागि उभिरहेकी छैनन्।

के देशको लागि सेनाले मात्र बलिदान दिनुपर्छ? के बलिउड सेलिब्रेटीहरूको आफ्नो देशप्रति कुनै कर्तव्य छैन?' एक्स प्लेटफर्मका एक प्रयोगकर्ताले तस्बिरहरू पोस्ट गर्दै लेखेका छन्। एक प्रयोगकर्ताले यो पोस्टमा रिसाउँदै लेखेका छन्, 'देशको लागि उनले केही गर्नु छैन।

# डलरको भाउ घट्यो, यस्तो छ विदेशी मुद्राको विनिमय दर



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ बैशाख**

नेपाल राष्ट्र बैङ्कले विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्का अनुसार अमेरिकी डलर एकको खरिद दर १३४ रुपैयाँ ८९ पैसा र बिक्रीदर १३५ रुपैयाँ ४९ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिदर १५३ रुपैयाँ ४६ पैसा र बिक्रीदर १५४ रुपैयाँ ४९ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिदर १८० रुपैयाँ २७ पैसा र बिक्रीदर १८१ रुपैयाँ ०८ पैसा, स्विस फ्याङ्क एकको खरिददर १६३ रुपैयाँ ५६ पैसा र बिक्रीदर १६४ रुपैयाँ २९ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ २६ पैसा र बिक्रीदर ८६ रुपैयाँ ६४ पैसा, क्यानेडियन डलर एकको खरिद दर ९७ रुपैयाँ ५४ पैसा र बिक्रीदर ९७ रुपैयाँ ७३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ २७ पैसा र बिक्रीदर १०३ रुपैयाँ ७३ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिद नौ रुपैयाँ ४४ पैसा र बिक्रीदर नौ रुपैयाँ ४८ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ५६ पैसा र बिक्रीदर १८ रुपैयाँ ६५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ९६ पैसा र बिक्रीदर ३६ रुपैयाँ १२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ०१ पैसा र बिक्रीदर ३७ रुपैयाँ १७ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्का अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०३ पैसा र बिक्रीदर चार रुपैयाँ ०५ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ७२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ २६ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४० पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ४९ पैसा र बिक्रीदर नौ रुपैयाँ ५३ पैसा, स्विडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ र बिक्रीदर १४ रुपैयाँ ०६ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ५६ पैसा र बिक्रीदर २० रुपैयाँ ६५ पैसा तोकिएको छ ।

# नेपाल पुलिस क्लब एमएम कप क्रिकेटको फाइनलमा


**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ बैशाख**



विभागीय टोली नेपाल पुलिस क्लब विराटनगरमा जारी एमएम कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

बिहिबार सम्पन्न प्रतियोगिताको समुह चरणको अन्तिम खेलमा पुलिसले भारतको आसाम क्रिकेट क्लब टिमलाई पराजित गर्दै फाइनलमा अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबसँगको भेट पक्का गरेको हो। पुलिस समुह 'बी' को विजेता बन्दा आसाम र कोशी प्रदेश भने बाहिरिएका छन्। समुह 'ए' को विजेताको रुपमा आर्मी यसअघि नै फाइनल प्रवेश गरिसकेको छ । उपाधिको लागि शनिबार त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लब बीच प्रतिस्पर्धा हुनेछ। खेल विहान ९ बजे सुरु हुनेछ। विराटनगरको बैजनाथपुर स्थित गिरिजाप्रसाद कोइराला क्रिकेट मैदानमा बिहीबार सम्पन्न खेलमा पुलिसले ६ विकेटको जित दर्ता गऱ्यो। अघिल्लो खेलमा कोशी प्रदेशसँग पराजित भएको पुलिसले फाइनल पुग्न आसामले दिएको १५५ रनको लक्ष्य २८ ओभरमा पछ्याउनु पर्ने थियो। पुलिसले २६.१ ओभरमा ४ विकेट मात्र गुमाएर जित दर्ता गर्यो । पुलिसको ब्याटिंगमा अमित श्रेष्ठ र कप्तान शंकर रानाले अविजित रहँदै अर्धशतकीय योगदान दिए। अमितले ७२ बलमा ५ चौका र ३ छक्का मद्दतले ७१ रन बनाए।



# लोकप्रियतावादी राजनीतिको गन्तव्य

-लोकप्रियतावाद न त पूर्ण रूपमा हानिकारक हो, न यो सधैं सकारात्मक हुन्छ । कांग्रेसले लोकप्रियतावादी उभारलाई दमन होइन, अनुशासित समावेशीकरणको रणनीति अवलम्बन गर्नुपर्छ । अहिलेको अस्थिर राजनीतिक परिदृश्यमा लोकप्रियतावादी राजनीति एकैसाथ प्रजातान्त्रिक असफलताको प्रतिक्रिया र नयाँ चुनौतीहरूको स्रोतका रूपमा देखा परेको छ । लोकप्रियतावादको आधारभूत सिद्धान्तले पुरानोविरुद्ध नयाँको भाष्य निर्माण गर्दछ ।

जब परम्परागत संस्थाहरू समानता, भ्रष्टाचार वा सांस्कृतिक बहिष्करणको समस्या समाधान गर्न असफल हुन्छन्, त्यतिबेला लोकप्रियतावाद एक प्रकारको लोकतान्त्रिक चेतावनीको रूपमा प्रस्तुत हुन्छ । लोकप्रियतावाद केवल शैली होइन, चेतावनी हो, संस्थागत विफलताको ऐना पनि हो । लोकप्रियतावादी शैलीले प्रायः जटिल समस्यालाई अत्यन्त सरल बनाई राजनीतिक ध्रुवीकरण गर्ने कोसिस गर्छ । यो शैलीले हामी र उनीहरू, जनता र एलिट, शुद्ध भ्रष्टजस्ता नारा निर्माण गर्छ । यस्ता भाषाले सामाजिक ध्रुवीकरण बढाउँछ र राजनीतिक बहसलाई सतही बनाउने कोसिस गर्छ । विद्वान् ह्यान्स जे मर्गेन्थाउका अनुसार राजनीति शक्ति संघर्ष हो, जुन तर्क र सन्तुलनले चल्नुपर्छ । तर लोकप्रियतावाद जनअसन्तोषको जगमा जनप्रतिक्रियामा बदलिन्छ र त्यसले तर्क र सन्तुलनलाई तोड्न थाल्छ । सकारात्मक रूपले हेर्ने हो भने यसले संस्थाभित्र सुधारको दबाब सिर्जना गर्छ । कतिपय प्रसंगमा प्रणालीविरुद्धको गम्भीर विद्रोह या संस्थागत पतन रोक्न लोकप्रियतावाद सहयोगी बनेको छ । नेपालको उदाहरणले पनि यो तर्कको पुष्टिमा नजिकको सम्बन्ध राख्छ ।

यसको अर्को सकारात्मक पक्ष भनेको शासक र नागरिकबीचको दूरी घटाउने, प्रशासनलाई उत्तरदायी बनाउने र जनताका मुद्दाहरूलाई राष्ट्रिय एजेन्डामा ल्याउने काम गर्छ । अमेरिकाको उदाहरण लिँदा, बर्नी सान्डर्सले उठाएका सामाजिक न्यायका मुद्दाहरूले डेमोक्रेटिक पार्टीलाई नै प्रभाव पार्‍यो । जसले जो बाइडेनजस्ता मुख्य धारका नेताहरूलाई समेत नयाँ नीति लिन बाध्य गराएको थियो । तर यही लोकप्रियतावाद नकारात्मक मार्गतर्फ मोडियो भने लोकतन्त्रमा संस्थागत क्षयीकरणको कारण बन्न पुग्दछ । जब लोकप्रियतावाद संस्थागत सिमाना नाघ्दै केवल लोकप्रियतामा आधारित भावनात्मक राजनीतिमा परिणत हुन्छ, त्यसले लोकतान्त्रिक मूल्यहरूलाई नै खतरामा पार्न सक्छ । ब्राजिलका बोल्सेनारो वा फिलिपिन्सका डुटेर्टेजस्ता नेताहरूको शासनले लोकप्रियतावाद कसरी अधिनायकवादी प्रवृत्तितर्फ मोडिन सक्छ भन्ने कुराको राम्रो उदाहरण दिएका छन् । यसैले, हाम्रो उद्देश्य लोकप्रियतावादसँग लड्ने मात्र होइन, यसले देखाउने संकेतहरूलाई सुन्ने हुनुपर्छ । आर्थिक असमानता, भ्रष्टाचार, संस्थागत घमण्ड र सामाजिक अलगाव, निरन्तर असफल व्यक्ति सरकारमा भइरहने प्रवृत्तिजस्ता लोकप्रियतावादको उत्पत्ति गराउने जरा समाधान नगरी यसको प्रभाव रोक्न सकिँदैन ।

लोकप्रियतावाद न त पूर्ण समस्या हो, न यो केवल समाधान हो । यो लक्षण हो अनि चेतावनी पनि । यो कुन दिशामा जान्छ- पुनर्जागरण कि पतन, त्यो हामी कसरी उत्तर दिन्छौं भन्ने कुरामा निर्भर गर्छ । बुद्धिमत्ता, विनम्रता र संविधानप्रतिको प्रतिबद्धतासहितको सुधारले यसले पुनर्जागरणको मार्गप्रशस्त गर्न सक्छ तर यदि यो अनियन्त्रित महत्त्वाकांक्षामा रूपान्तरित भयो भने अनिश्चित भविष्यको माध्यम बन्न सक्छ । दलभित्रको लोकप्रियतावादः लोकप्रियतावादलाई प्रायः राष्ट्रिय राजनीति सन्दर्भमा विश्लेषण गरिन्छ



तर यसको हलचल राजनीतिक दलभित्र पनि गहिरोसँग महसुस गर्न सकिन्छ । पुराना र स्थिर देखिने पार्टीहरू जतिबेला समयसँगै आफूलाई बदल्न सक्दैनन् वा सामाजिक आधारसँग टाढा हुन थाल्छन् र पार्टी नेतृत्व आत्मकेन्द्रित, आत्मसन्तुष्ट र केवल हैसियत जोगाउनेमा सीमित रहन्छन्, यस्तो अवस्थामा दलभित्र नयाँ प्रकृतिको द्वन्द्व भित्रिन्छ ।

दल र जनताबीचको दूरी बढ्दै जान्छ । यस्तो बेला यदि पार्टी नेतृत्वले आन्तरिक सुधारको सबै प्रयास अस्वीकार गर्छ र बाह्य जनभावनालाई पनि बेवास्ता गर्छ भने त्यो पार्टी बिस्तारै जनताको प्राथमिकताबाट हट्दै जान्छ ।

पार्टीमा जडता देखिन्छ, यो अवस्था भनेको पार्टी पुरानो गौरव स्मृतिमा मात्र अड्किन्छ, वर्तमान यथार्थसँग अनभिज्ञ रहन्छ । कहिलेकाहीँ पार्टीभित्रको असन्तुष्टिले विभाजनको सामना गर्नुपर्ने परिस्थिति आउन सक्छ । युवाहरूमा आकर्षण घट्छ वा परिवर्तन चाहने समूहले छुट्टै आन्दोलन सुरु गर्न सक्छन् वा पार्टी त्याग्न सक्छन् । यसैगरी जनताको विश्वासमा ह्रास आउँछ । जनता जब पार्टीमा परिवर्तन देख्दैनन्, उनीहरू नयाँ वैकल्पिक शक्तिहरूको खोजीमा लाग्न सक्छन् । राजनीतिक शक्ति केवल इतिहासको गौरवले टिक्दैन, त्यो जनताको समर्थन र यथार्थप्रतिको बुझाइले टिक्छ । के लोकप्रियतावादले दललाई पुनर्जीवन दिन सक्छ ? यो प्रश्नलाई सन्तुलित र सकारात्मक रूपमा हेरियो भने- हो, दिन सक्छ । जस्तै- दलभित्र लोकतान्त्रिक अभ्यास बलियो बनाउन, एकल व्यक्ति वा केही व्यक्तिमा आश्रित संरचनालाई चुनौती दिन सक्छ । नयाँ नीति, विचार र युवा पुस्तासँग संवाद गर्ने शैली ल्याउन सक्छ । जिम्मेवारीमा बसेका नेतृत्वलाई जवाफदेही बनाउन हिम्मत दिन सक्छ । परिवर्तन प्राकृतिक नियम हो, हरेकको चाहना हो । यिनै परिवर्तन र सुधारका मुद्दाहरू कसरी उठाइएका छन् ? साँच्चैको रूपान्तरणका लागि हो वा व्यक्तिको निजी महत्त्वाकांक्षा प्राप्त गर्ने औजारका रूपमा उठाइएका हुन् ? यो महत्त्वपूर्ण हुन्छ । जब नेताहरू प्रतिपक्षमा वा जिम्मेवारी विहीन अवस्थामा हुन्छन्, तब उनीहरू संगठन सुदृढीकरण, नीति परिवर्तन आदिका नाममा जनताप्रति संवेदनशील देखिने अनेक मुद्दाहरू उठाउँछन् ।

सांभार : कान्तिपुर ।


डेगीं भाइरसको संक्रमणबाट बचने उपायहरु




अनुरोधकर्ता
कमला नगरपालिका
धनुषा, मधेश प्रदेश








पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



डेगीं भाइरसको संक्रमणबाट बचने उपायहरु





अनुरोधकर्ता
जनकनन्दनी गाउंपालिका
धनुषा, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday